# प्रदेश सभा
# गण्डकी प्रदेश
# छैठौं अधिवेशन
# (बत्तिसौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति :- २०७७।०३।१७

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरुआजको बैठकको का ,ही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु , सर्वप्रथम म माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री रामशबस्नेतलाई विनियोजन विधेयक २०७७ छलफल गर्ने क्रममा आफ्नो मन्त्रालयसँग सम्वन्धित शिर्षकमा उठेको प्रश्नको जवाफ दिन अनुमति दिन्छु।

**माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री राम शरण बस्नेत**

माननीय सभामुख महोदय/गण्डकी प्रदेश सरकारको आर्थिक बर्ष २०७७ ,०७८ को बजेट तथा कार्यक्रमको सन्दर्भमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङज्यूबाट मिति २०७७ अषाढ ७ गते सदनमा पेश गर्नुभएको विनियोजन विधेयक अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि विनियोजित योजना कार्यक्रम र बजेट माथीको छलफलमा यस गरिमामय सदनमा माननीय ज्यूहरुबाट उठाउनु भएका सवाल एवंम जिज्ञासाहरुको जवाफ एवंम केही जानकारी राख्नु पुर्व आफ्नो महत्वपुर्ण सकरात्मकरचनात्मक एवंम सुधारात्मक जिज्ञासा राख्नुहुने , माननीयज्यूहरुमा माननीय सभामुख मार्फत विशेष धन्यबाद दिन चाहान्छु।माननीय ज्यूहरुले गण्डकी प्रदेशलाई सम्बृद्ध र समुन्नत प्रदेश बनाउने भावनाको उच्च कदर सहित सम्मान व्यक्त गर्दै विषय प्रवेश गर्ने अनुमति चाहान्छु।

सभामुख महोदय ,चालु आर्थिक बर्षको दोस्रो अर्धवार्षिक अवधिको शुरुवात सँगै शुरु भएको विश्वव्यापि कोराना महामारी चैत्र ११ गते बाट लागु गरिएको बन्दाबन्दीका कारण मुलुकको सामाजिक सार्वजनिक तथा व्यक्तिगत जनजिवनले ,आर्थिक , असमान्य अवस्थाको सामना गर्नु परिरहेको छ।जसको कारण विकास निर्माणका कार्यक्रम तथा आयोजनाहरु कार्यन्वयन तथा सञ्चालनमा ठूलो अवरोध सृजना हुन गएको छ। यसको वावजुद पनि मन्त्रालयले गरेका केहि कार्यहरु सम्मानित सदनमा जानकारी गराउन चाहन्छु।

क-भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत यस आ मा हालसम्म निर्माण सम्पन्न.व. भएका योजनाहरु।

१ १६.११०-सडक ग्राभेल .२ वटा।३ -झोलुङ्गे पुल.१७ वटा।२-सडक पुल. .किमि.।४.सडक कालोपत्रे.७ कि.३८-मि।. ५ एक घर एक धारा जडान.३२०२४ वटा धारा हाल जडान भैसकेको। ६ ७० वटा-सिंचाई सुविधा पुगेको जमिन. -आयोजनाहरु सम्पन्न।कसिंचाई योजना सुध्रिढिकरण २५००हे नयाँ सिंचाई -। ख. जमिनमा .आयोजनाबाट बार्है महिना सिंचित क्षेत्रफल विस्तार ११६७ गरि ३६६७हे सिंचाई सुविधा पुगेको छ। तटबन्दन तथा नदी नियन्त्रण १५.५९ कि.मि।. ८.जनता आवास अन्तर्गत घर निर्माण २५८ बटा घर धुरि सम्पन्न। ९.सामुदायिक भवनहरु २० वटा सम्पन्न। १० सहकारी कार्यालयहरु एक कार्यालय निर्माण. उपलब्ध गराईसकेको। १२विद्युत विस्.तार कास्की र गोर्खा चार ,बाग्लुङ,म्याग्दी- .जिल्लामा ६९९३ कि.हाइटेन्सन लाइन १०३ .मि.८१ कि वितरण लाइन २७.मि. वटा ट्रान्सफर्मर जडान गर्ने कार्य सम्पन्न भैसकेको ४०० घरधुरिमा राष्ट्रिय प्रशारण १ सडक पुल - निर्माणाधिन अवस्थामा रहेका आयोजनाहरु - लाइन जोडिएको।ख -७५ वटा।२— झलुङ्गे पुल. ४७ वटा।३ वहुवर्षिय ठेक्का .मि.सडक ग्राभेल ९० कि. .मार्फत निर्माणाधिन।४सडक कालोपत्रे.५५८ कि-मि बहुवर्षिय ठेक्का मार्फत . .निर्माणाधिन।६सिंचाइ सुविधा पुगेको जमिन प्रदेश तर्फ ८६ वटा र संघ शसर्त हस्तान्तरण तर्फ ३२ वटा सिंचाइ योजनाहरु निर्माणाधिन अवस्थामा रहेको। ७ .

जनता आवास अन्तर्गत घर निर्माणाधिन १५९५ वटा। ८ सामुदायिक भवनहरु. २६ वटा। ९सरकारी कार्यालयहरु सात वटा।. १० काठे पोल प्रतिस्थापन चालु. ५३ वटा आयोजना गरि २७६.०७ कि.मि.हाइटेन्सन लाइन १३७.१९ कि .मि. वितरण लाइन ४९ वटा ट्रान्सफर्मर जडान गर्ने कार्य सञ्चालन भईरहेको जानकारी गराउन चाहान्छु।

सभामुख महोदय, अब म यस सम्मानित सदनमा विश्वव्यापि महामारी कोभिडको-१९ को कारण गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकासका कामहरुमा परेका समस्याहरु राख्न चाहन्छु। २०७६ चैत्र ११ बाट भएको लगडाउनको कारण यस प्रदेशमा कार्यरत रहेका करिव पैंतिस हजार कामदारहरु आ आफ्नो घर फर्केका छन जसका- कारण धेरै जसो कामदारहरु रहि काम गर्नुपर्ने आयोजना एकनिर्वाचन क्षेत्र एक सडक स्थानिय तहको केन्द्र जोडने सडकसडक पुल,विशेष सडक , झोलुङ्गे पुल,

लगडाउनको कारण निर्माण सामग्रीहरु सिमेन्ट पाइप आदीको अभाव भइ ,रड , कामदारहरु भएका ठाँउहरुमा पनि निर्माण कार्यसूचारु गर्न कठिन अवस्था छ। विशेष किसिमका कामहरु जस्तै सडक पिच गर्ने, डिव ट्युववेल सेलो ट्युववेल , लगायतका कामहरु गर्नका लागि नेपाली कामदारहरुको अभाब भएको विदेशी चैत्र ११ बाट भएको लगडाउनको कारण सोहि मिति पश्चात खोल्नु पर्ने टेण्डर ठेक्काहरु पनि सार्वजनिक खरिद अनुगमन कार्यलयको सूचना बैंक तथा वित्तिय संस्थाहरु बन्द भएका कारण निर्माण व्यवसायीले बैंक ग्यारेन्टि बनाउन नसकेको अवस्था सम्पुर्ण सार्वजनिक सवारी साधन बन्द र निजी सवारी साधन पनि सजिलै आवत जावत गर्न समस्या भएको हुँदा तिन महिनासम्म खोल्न नसकिएको कारणले वोलपत्र मूल्याङ्कन प्रकृया ढिलो हुन गइ कार्य सुचारु गर्न समस्या भएको अवस्था थियो।यि यावत समस्याका कारण यस मन्त्रालय अन्तरगत फागुन मसान्त सम्मको

वित्तिय प्रगति करिव ३२ प्रतिशत रहेकोमा जेठ मसान्त सम्ममा ४२ प्रतिशत रहेको छ। नेपालको निर्माण क्षेत्रमा फागुन जेठ महिनाहरु मुख्य काम गर्ने ,बैशाख ,चैत्र , समय रहेको हुँदा सोहि महिनाहरुमा लगडाउन भएको कारण हामीले सोचेको जस्तो बैशाख र ,र फागुन मसान्त सम्म भएको प्रगतिको दरलाई चैत्रजेठ महिनासम्म निरन्तरता दिन नसकिएको अवस्था थियो।

अहिले सिंचाई साना पुलहरु विशेष सिप नचाहिने ,साना सडकहरु ,खानेपानि , योजनाहरुमा मात्र थोरै संख्यामा कामदारहरु रहि काम भैरहेको अवस्था माननीय ज्यूहरुलाई अवगत नै छ। यसरि पहिला भएका कामहरुको भुक्तानी र यस बिचमा भएका साना तिना कार्यहरुको भुक्तानी गर्दा यो आर्थिक बर्षमा भौतिक पुर्वाधार विकास मन्त्रालय अन्तरगतको वित्तिय प्रगति करिब सत्तरी प्रतिशत पुग्ने अनुमान रहेको छ।मलाई लाग्छ यो प्रगति नेपाल सरकारको समग्र वित्तिय प्रगति र अन्य प्रदेशको प्रगति सँग दाँज्न मिल्ने अंक हुनेछ वा अन्यको तुलनामा बढि नै हुनेछ यि र यस्तै प्रकारका यावत समस्याका वावजुद पनि यो प्रगति हाँसिल गर्न सकिएमा यो प्रगति राम्रो उपलब्धि हुनेछ।

माननीय सभामुख महोदय/प्रदेश सरकारले आगामी आर्थिक बर्ष २०७७ ,७८ मा विनियोजित बजेट खर्च गर्नका लागि गरेका प्रयासहरु सम्मानित सदन समक्ष राख्न चाहान्छु। हालसम्म यो मन्त्रालय अन्तर्गत मन्त्रालय सहित एक निर्देशनालय पाँच पुर्वाधार विकास कार्यालय दुई सडक डिभिजन कार्यालय चार खानेपानी तथा सरसफाई डिभिजन कार्यालय एघार वटा जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय र सव डिभिजन कार्यालय तिन शहरी विकास तथा भवन कार्यालय पाँच यातायात कार्यालयहरु एक भुमिगत तथा जलश्रोत कार्यालय गरी जम्मा तेत्तिस कार्र्यालयबाट सेवा प्रवाह भैरहेको अवस्था छ। तेत्तिस वटा कार्यालयबाट सेवा प्रवाह गर्दा शहरी विकास तथा भवन कार्यालय गोर्खाले पाँच जिल्लाहरु गोर्खा नवलपुर ,मनाङ ,लमजुङ , र तनँहुलाई सेवा दिनु परेको अर्थात ति जिल्लाका जनताहरु एउटा निवेदन लिएर पनि गोर्खा पुग्न पर्ने गरेको खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाग्लुङले ढोरपाटन देखि सेति वेनी कोरला हुवास सम्म गरि बाग्लुङ मुस्ताङ र म्याग्दी ,पर्वत ,

चार जिल्लामा सेवा दिन परेको अवस्था छ।पुर्वाधार विकास कार्यालय लमजुङबाट मनाङगोर्खा जिल्लामा सेवा दिनु परेको छ। ,लमजुङ , गोर्खा लमजुङ र तनँहुका , सेवा ग्राहिहरुले यातायातको कर तिर्न तनँहुको डुम्रे जानु परेको, पर्वतको सवारी चालकले कास्की आउनको लागि पटके सुविधा लिन बाग्लुङ जान परेको अवस्था थियो। जसका कारण एउटा सानो निवेदन लिएर पनि सेवाग्राहिी टाढा टाढा जानु परेको कार्यालयका कर्मचारीहरुलाई एक जिल्लाबाट अर्को जिल्ला अनुगमनमा जाँदा बाटोमा समेत धेरै समय लाग्ने हुदा सवारी साधन मर्मत, तेल आदिको खर्च बढेको अवस्था थियो र जनताले वास्तवमा संघीयताको महशुष भन्दा पनि झन्झटको सामना गरिरहेका थिए।

त्यहि कारण हामीले साविकको संगठन संरचनालाई केहि परिवर्तन गरेका छौं र हाल स्विकृत दरवन्दी संख्या पाँचसय छयासी रहेकोमा अवको स्विकृत दरवन्दी संख्या पाँचसय चौरहत्तरमा झारेर मितव्ययिता अपनाउने प्रयास गरेका छौं र अबको संगठन संरचना निम्न अनुसार बनाई जनताले निवेदन लिएर एक जिल्लाबाट अर्को जिल्ला जानु नपर्ने अवस्थाको सृजना गरेको यस सम्मानित सदनमा जानकारी गराउन पाँउदा खुशि लागेको छ।

क.पुर्वाधार विकास कार्यलयहरु एघार वटै जिल्लामा राख्ने।पुर्वाधार विकास कार्यालयमा नै भवन विकास शाखाको व्यवस्था गरी त्यहिबाट शहरी विकास तथा भवन सम्वन्धि जनता आवास सामुदायीक भवन निर्माण सरकारी कार्यलयहरुको निर्माण तथा मर्मत सम्भार गर्ने गराउने। गोर्खा जिल्ला लमजुङ जिल्ला स्याङ्जा र तनँहुमा पुर्वाधार विकास कार्यलय अन्तर्गत नै यातायात शाखाको व्यवस्था गरी सवारीको कर तिर्ने पटके लिने सवारी दर्ता गर्ने सुविधा दिने।पर्वत र म्याग्दी जिल्लाका पुर्वाधार विकास कार्यलयहरु बाटो पटके रुट पर्मिटको सुविधा दिने।

ख एक वटा सहकारी विकास तथा भवन कार्यालय कास्की जिल्लामा राखि विशेष-जटील प्रकृतिका भवनहरु र शहरी विकास जस्ता प्रदेश भरीका कार्यहरु सो कार्यालयले गर्ने गराउने।ग एघार वटा जलश्रोत तथा सिंचाई विकास डिभिजन-कार्यालयहरु र सव डिभिजन कार्यलयहरुलाई आठ वटा जिल्लामा कायम गरि

बाग्लुङबाट उर्जा सिंचाइ जल,पर्वत,स्याङ्जा,कास्की ,नवलपुर,तनँहु,लमजुङ,गोर्खा उत्पन्न प्रकोप व्यवस्थापनको कार्य गर्ने गराउने।

ख,म्याग्दी- मनाङ, मुस्ताङ जिल्लामा खानेपानी सिंचाइ र जल उत्पन्न प्रकोप ,उर्जा , सम्वन्धि कार्यहरु गर्नका लागि हाल रहेको जलश्रोत तथा सिंचाइ विकास डिभिजन जलश्रोत तथा सिंचाइ कार्यालयमा रुपान्तरण ,सव डिभिजन कार्यालयलाई खानेपानी गरि खानेपानी उर्जा जलश्ोत तथा जल उत्पन्न प्रकोप व्यवस्थापन सम्वन्धमा कार्य गर्ने गरी व्यवस्था गरिएको छ। जसका कारण मुस्ताङ र मनाङ जिल्लाका जनताहरु हाल खानेपानी भवन र सडक निर्माणका लागि निवेदन पेश गर्ने लगायतका कार्यहरुको लागि लिएर अन्य जिल्लामा जानुपर्ने वाध्यतापुर्ण रुपमा हट्ने छ।

ङ हाल रहेको ४ वटा खानेपानी तथा सरसफाई तथा डिभिजन कार्यालय यथावत -/रहने व्यवस्था मिलाइएको छ।यी चारवटा कार्यालयहरुले २२ जिल्लामा मात्र सेवा प्रवाह गर्नेछन भने कार्यालय नरहेका लमजुङ कास्की र पर्वत जिल्लामा ,नवलपुर , पुर्ण रुपमा नै इकाइ कार्यालय खानेपानीको स्थापना गरी जनतालाई त्यहिबाट सेवा प्रदान गर्न सक्ने व्यवस्था मिलाइएको छ। च यातायात सम्वन्धि सेवा दिनका लागि- यातायात व्यवस्था कार्यालय नवलपुर यातायात व्यवस्था कार्यालय कास्की सवारी चालक अनुमति पत्र कास्की र यातायात व्यवस्था कार्यालय बाग्लुङलाई यथावत राखिएको छ भने कास्की जिल्लामा सवारी परिक्षण कार्यालयको थप व्यवस्था गरिएको छ। जसबाट जनताले नजिकबाट सेवा प्राप्त गर्ने कर्मचारीले नजिकबाट भए गरेका कामको अनुगमन मूल्याङ्कन गर्ने काम सहज भई समयमै योजनाको कार्यान्वयनको, कार्यान्वयन भई गुणस्तर कायम गरी फजुल खर्चघट्न जाने विश्वास लिएको छु। छ गोर्खा जिल्लाको दुर्गम स्थान धार्चे र चुनउभ्रि साथै बाग्लुङ जिल्लाको ढोरपाटन- झोलुङ्गे ,सडक पुल,सडक,उर्जा ,खानेपानी ,पुर्वाधार सम्वन्धि सम्पुर्ण कार्यहरु सिंचाई पुल आदीको कार्यान्वयन गर्नको निम्ति गोर्खाको माझी खोला र बाग्लुङको ढोरपाटन एकिकृत इकाइ कार्यालय स्थापना गर्ने सोच सहित मन्त्रालय अगाडि बढेको जानकारी गराउन चाहान्छु।

जसका कारण कामले गति लिने विकास बजेट खर्च बढि हुने र जनताले सम्पुर्ण सेवा जिल्लामा उपलब्ध हुने अवस्था बन्ने छ। माननीय ज्यूहरुको विकास बजेट खर्च भएन भन्ने जुन चिन्ता थियो त्यसलाई सम्वोधन गर्न मैले माथी उल्लेख गरिसकेको संगठन संरचना गण्डकी प्रदेश सरकारको मन्त्रिपिरषद्को बैठकले २०७७ साउन १ गते बाट लागु हुने गरी निर्णय गरेको कुरा माननीय सभामुख मार्फत यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु।

माननीय सभामुख महोदय अब ,म माननीयज्यूहरुले राख्नु भएको नितीगत प्रश्नहरुको सन्दर्भमा प्रवेश गर्न चाहान्छु। १/सेतो किताब भन्ने सन्दर्भमा २०७७.०३ ०८ र/ ०९ को दुई दिनको छलफलमा सवभन्दा धेरै चर्चा भएको कुरा यहि/०३/२०७७ होला सेतो किताब भन्ने भौतिक पुर्वाधार विकास मन्त्रालय अन्तर्गत विनियोजित भएको बजेटबाट सडक पुल खानेपानीको क्षेत्रमा नयाँ योजनाको लागि ,सिंचाई ,झोलुङ्गे पुल, डिजाइन ,एकमुष्ट रकम विनियोजन भएकोमा सो रकमबाट ति योजनाहरुको सर्वेक्षण र लागत अनुमान तयार गरी खरिद प्रकृया गर्ने र योजना शुरु गर्ने उद्देश्यका साथ

यदि कोभिडको असर छिटै नै हटेमा र असोज कात्तिक देखिनै सामान्य रुपमा विकास निर्माणको काम सञ्चालन हुने अवस्था आएमा हामी आगामी आर्थिक बर्षमा करिव ५० सडक पुल एक सय दशको संख्यामा झोलुङ्गे पुलहरु १२० भन्दा बढि खानेपानी आयोजनाहरु सयको संख्यामा सिंचाईका आयोजना सम्पन्न गर्न सक्ने अवस्थामा हुनेछौं। तसर्थ हामीले अहिले देखिने नयाँ योजनाहरुको तयारी शुरु नगरेमा अर्को आर्थिक बर्षको लागि योजनाको अभाव हुन जाने देखिन्छ। यी दुई बर्षको अनुभवले के देखाउँछ भने योजनाहरुको सर्वेक्षण लागत अनुमान तयार गरी प्रचलित,डिजाईन, खरिद ऐन नियम अनुसार खरिद प्रकृया सम्पन्न गर्न एक बर्ष लाग्ने रहेछ।

त्यसकारण आ ०७९ मा योजनाको कमि नहोस र बजेट विनियोजन भएका/०७८.व. .योजनाहरुमा आव को शुरु देखि नै कार्य प्रारम्भ होस र आर्थिक बर्षको अन्त्यमा. हुन भन्ने कुरा सम्मानित सदनमा राख्न चाहान्छु।

२ सेतो किताबमा छनौट गरिएका योजनाहरु पहुँचका भरमा छनौट भए भन्ने सन्दर्भमा. ,हामीले खानेपानी तर्फ १४८ सिंचाई तर्फ ११४, झोलुङ्गे पुल तर्फ ११५, सडक पुल तर्फ ६३ योजनाहरु छनौट गरेका छौं। त्यो संख्या अघि मैले अवस्था सामान्य भएको खण्डमा हामीले आगामि बर्ष सम्पन्न गर्ने योजना सँग नजिक नजिकको संख्यामा छन। केहि बढि संख्या गर्नुको कारण कुनै योजना सम्भाव्य नहुने भएको कारणले पनि ति योजनाहरुको छनौट सम्वन्धि निर्वाचन क्षेत्रका माननीयज्यूहरु त्यो जिल्लाका कार्यालयहरुका सिफारिस र कतिपय योजना म आँफै मन्त्रालयको कामको शिलशिलामा विभिन्न स्थानको अनुगमनमा जाँदा सो स्थानमा देखिएका वास्ताविक आवश्यकताका आधारमा योजनाहरु परेको कुरो म सम्मानित सदनलाई जानकारी गराउन चाहान्छु।

३. ति योजनाहरुका लागि बजेट कम भयो भन्ने सन्दर्भमा विश्वव्यापि महामारी कोभिड-१९ को कारण भौतिक पुर्वाधारको क्षेत्रमा यस आर्थिक बर्षमा ०७६ ०७७ को/ .भन्दा आगामी आव ०७८ को लागि कम बजेट राख्नु परेको सवै माननीय/०७७. ज्यूहरुलाई अवगत नै छ। त्यसकारण अहिले दायित्व सृजना भएका सवै योजनाहरुमा बजेट व्यवस्था गर्नु पर्ने अवस्था भएको कारण हामीलाई बजेट निर्माणमा केहि कसिलो गर्नुपर्ने अवस्था आयो तर पनि ति योजनाहरुको सर्वेक्षण डिजाइन र लागत अनुमान, तयार गर ी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति पश्चात बहुवर्षिय खरिद प्रकृया मार्फत निर्माणमा लगिने हुँदा यि कामहरु सम्पन्न गर्नका लागि छुट्टाइएको बजेट कमि नहुने व्यहोरा म जानकारी गराउन चाहान्छु।

४ छुट्टै योजना किन ल्याइयो भन्ने सन्दर्भमा बजेट विनियोजन गर्दा प्रत्येक क्षेत्रमा. योजना संख्या ख ुलाई हामीले एकमुष्ट रुपमा बजेट विनियोजन गरेका छौं।यदी हामीले अहिले माननीय ज्यूहरु समक्ष यि योजनाहरु नराखि पछि मैले मात्र मन्त्रालय स्तरिय निर्णय गरि योजनाहरु छनौट गरेको भए के यो भन्दा पारदर्शि, बस्तुनिष्ठ, यथार्थपरक माननीयज्यूहरुले थाहा पाउने प्रदेशका सरोकारवाला जनताले थाहा पाउने अवस्था हुनसक्थ्यो र अहिले जनताले योजना पर्यो भनेको सुन्दा उत्साह पछि मैले

छनौट गरेर योजनाहरुको नाम सुन्दा हुने रुचि र उत्साह पक्कै पनि फरक हुन जान्छ र सो योजना कार्यान्वयनको चरणमा समस्याहरु नआउलान भन्न पनि सकिन्न।

जनताका प्रतिनिधिले छलफल नगरि योजना छनौट हुनुभन्दा यस सम्मानित सदनमा जनताले मत दिएर जिताएका जनप्रतिनिधिहरु बिच छलफल भइ पारित भएको योजना नै जनताहरुको बास्ताविक आवश्यकताको प्रतिनिधित्व हुन्छ। यो नै पारदर्शि र जवाफदेहिताको मर्म हो भन्ने उद्देश्यका साथ यि योजनाहरु ल्याइएको व्यहोरा म सदन समक्ष अवगत गराउन चाहन्छु।

सभामुख महोदयसा,ना तिना काम पनि निर्माण व्यवसायीलाइ गराइयो भन्ने जिज्ञासाका सन्दर्भ तर्फ देश नेपाल भरि गरिने खरिद कार्यको लागि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद प्रकृया अपनाउनु पर्ने प्राब्धान छ। सार्वजनिक खरिद ऐन नियमावली अनुसार खरिद गर्दा अपनाउनु पर्ने प्रकृया कार्यविधि कति रकम सम्मको खरिदको लागि कति समयको सूचना दिने आदी बारेमा प्रष्ट व्यवस्था छ। सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता मार्फत कार्य गर्नका निम्ति निम्न बमोजिम व्यवस्था गरिएको छ। १ करोड रुपैयाँ सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राहि समुदायबाट गराउन वा प्राप्त गर्न सकिनेछ।

सोहि नियमको उपनियम १ (क) मा १ करोड रुपैयाँमा मूल्य अभिवृद्धि कर ओभरहेड कन्टेनजेन्सि रकम र जनसहाभागिताको अंश समेतको रकम समावेश हुनेछ। नियम ९७ को उपनियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटोमिन डिस्ट्रिव्युटर विटोमिन जस्ता हेभि मेशिन प्रयोग गर्न सकिनेछैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिइ त्यस्ता मेशिन प्रयोग गर्न सकिने छ। उपनियम ९ को प्रतिबन्दात्मक बाक्याँशले विपरित हेभि मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदाय सँग भएको सम्झौता रद्द गरिनेछ भन्ने व्यवस्था रहेको छ।उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही

समुदायले पाएको काम आँफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सवकन्ट्रेक्टरबाट गराउन सकिनेछैन भन्ने उल्लेख छ।

यस सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७६ १४/०६/ को निर्णय कार्यन्वयनका लागि भनि निम्न बमोजिम निर्देशन प्ाप्त भएको छ। प्राविधिक रुपले जटिल काम सिमित प्राविधिक ज्ञान र प्रयोगशालाको अभाव प्राविधिक रुपले अनभिज्ञ तथा प्रयोगशालाको पहुँचभन्दा टाढा रहेको उपभोक्ता समितिहरु मार्फत गराउँदा निर्माण भएका संरचनाहरुको तोकिएको गुणस्तरमा निर्माण नहुने, उपभोक्ता समितिले निर्माण व्यवसाय सञ्चालन गरि निर्माण गर्नुपर्ने तथा मर्मत सम्भारको जिम्मेवारी बहन गर्न नसक्ने अवस्था देखिएकोले अव आइन्दा प्राविधिक रुपले जटिल प्रकृतिका निर्माण कार्य जटिल किसिमको गुणस्तर परिक्षण गर्नुपर्ने हेभि मेशिन प्रयोग गर्नुपर्ने जनसहाभागिता जुट्न नसक्ने निर्माण पश्चात मर्मत सम्भार उपभोक्ता समितिबाट हुन नसक्ने निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ता समितिमा योजना हस्तान्तरण गर्न नसक्ने जस्ता कार्यहरु गराँउदा उपभोक्ता समितिबाट नगराई प्रचलित कानून बमोजिम खुला बोलपत्र आब्हान गरी निर्माण गर्न गराउन उपयुक्त हुने देखिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सवै स्थानिय तह र सात वटै प्रदेश सरकारका सम्वन्धित निकायलाई सुझाव लेखि पठाउने। यसकारण सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा रहेका प्राब्धान र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७६१४ क/०६/ो प्रदेश सरकारलाई प्राप्त निर्देशन अनुसार सानो रकमको भए पनि जटिल प्रकृतिको काम हेभि मेशिन प्रयोग हुने उपभोक्ता आँफैले नगरि निर्माण व्यवसायीलाई दिइ कार्य गराउने प्रकृतिका काम ठेक्का प्रकृयाबाट गरिएको व्यहोरा यस सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु।

६. असारे विकास आर्थिक बर्षको अन्त्यमा मात्र बजेट खर्च हुन्छ भन्ने सन्दर्भमा हाम्रो अहिले सम्म भएको खर्चको प्रकृति हेर्दा करिव ७० प्रतिशत बजेट तेस्रो चौमासिकमा खर्च हुदै आएको देखिन्छ। जसका कारण तेस्रो चौमासिकमा बढि काम हुने गरेको छ भने अनुमान लगाउन सकिन्छ। यो कुरा धेरै हदसम्म सत्य पनि हो। प्रचलित खरिद ऐन नियमानुसार बिस लाख रुपैयाँ भन्दा बढि रकमको ठेक्काका लागि कम्तिमा तिस

दिनको सूचना जारी गर्नुपर्ने व्यवस्था छ। साल बसालि रुपमा विनियोजन भएको रकम साउन र भदौ महिनामा नाप जाँच गरि भदौ भित्र टेण्डर प्रकाशन गरेपनि निर्माण व्यवसायीसँग सम्झौता गरि सक्दा कात्तिक महिनाको अन्तिम लाग्छ भने रु दुई करोड भन्दा बढि रकमको ठेक्का भएमा मंसिरको अन्तिम पुग्ने अहिले कानूनी व्यवस्था छ। त्यसकारण पनि काम हुने र भुक्तानी दिने समय माघ फागुन देखि असार सम्म हुन आँउछ। अनि व्यवहारीक रुपमा माननीयज्यूहरुले भने जस्तै वा जनताले भने जस्तै देखिन जान्छ। यस कारण भौतिक पुर्वाधार विकास मन्त्रालयले महत्वपूर्ण सडकहरु खानेपानी तथा सिंचाईका आयोजनाहरु ,झोलुङ्गे पुलहरु ,पुलहरु , आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिइ बहुवर्षिय ठेक्का प्रणालीबाट गराइएको व्यहोरा माननीय ज्यूहरुलाइ अवगत नै छ। सोहि कारणले फागुन मसान्त सम्म यस मन्त्रालयले वित्तिय प्रगित करिव बत्तिस प्रतिशत हुन सकेको थियो र सामान्य अवस्था भएको भए यो बर्ष करिव पन्चानब्बे प्रतिशत खर्च हुने अवस्थामा थियो।हामीले आगामी आर्थिक बर्षबाट लागु हुने गरी संगठन संरचना सुधार गरिसकेका कारण आँउदो बर्ष यसमा सुधार हुने आशा राखेका छौं भने यसको पुर्ण रुपमा सुधारका लागि हाल प्रचलनमा रहेको खरिद ऐन नियमको संसोधन नै सबभन्दा महत्वपूर्ण विषय भएको व्यहोरा म यस सम्मानित सभामा राख्न चाहान्छु।

७बजेटमा जिल्लागत सन्तुलन भएन कतै धेरै. कतै थोरै भन्ने जिज्ञासाका सम्वन्धमा यस बर्षको बजेट तयारी गर्दा बजेट सिलिङको कारण भौतिक पुर्वाधार विकास मन्त्रालय अत्यन्तै दबाबमा रहेको व्यहोरा मैले अर्थ तथा विकास समितिको बैठक लगायत अन्य ठाँउमा पनि राखेको थिए। हामीले बजेट निर्माण गर्दा सम्पन्न भएका बाहेकका सम्पूर्ण योजनालाई केहि कम गरेर भएपनि निरन्तरता दिएको कुरा माननीय ज्यूहरुले देख्नु भएकै छ। हामीलाई योजनागत रुपमा समपुरक र शसर्त अनुदानको रुपमा प्राप्त बजेटमा हामीले परिवर्तन गर्न नसकिने हुँदा पनि धेरै थोरै जस्तो देखिन गएको हुन सक्छ। जस्तै लमजुङको बेंशिशहर भुजुङ ,घले गाँउ ,बाग्लुङ पानी , सडकमा समपुरक शिर्षक अन्तर्गत रु पन्ध्र करोड उननसाठी लाख प्राप्त भएको र

गर्दा लमजुङमा बढी र अन्य जिल्लाहरुमा कम जस्तो देखिए पनि संघ सरकारबाट प्ाप्त बजेटका कारण त्यस्तो देखिएको हो।

अर्को कारण कतिपय योजनाहरु भुगोल वा विकासको अहिलेको अवस्थाले पनि माग गर्दो रहेछ। जस्तै विद्युत विस्तार गर्ने कार्य विद्युत नपुगेको स्थानमा सोलर वितरण गर्ने कार्य उच्च हिमाली भुभागमा झोलुङ्गे पुल निर्माण गर्ने गोर्खाको उत्तरि भेग बाग्लुङको पश्चिमे भेग मनाङ मुस्ताङका बिभिन्न ठाँउहरु आदिमा यि कारणले कुनै योजनाहरु कतै बढि र कतै कम जस्तो लागेमा पनि बजेटको जिल्लागत र स्थानिय तहगत सन्तुलन गर्ने प्रयास गरिएको व्यहोरा माननीय सभामुख मार्फत सम्मानित सदनमा राख्न चाहान्छु।

माननीय सभामुख महोदय अब म माननीय ज्यूहरुले योजनागत रुपमा उठाउनु , भएका जिज्ञासाका सन्दर्भमा आफ्ना भनाई राख्न चाहान्छु।

१पोखराको पृथ्वि चोकको बसपार्कको सुधार र लामे आहालमा बसपार्क निर्माण. गर्ने सन्दर्भमा। पोखराको पृथ्वीचोकको बसपार्कको सुधार र लामे आहालमा महानगरपालिकाको सहकार्यमा बसपार्क निर्माणको लागि १ करोड बिनियोजन भएको जानकारी गराउन चाहान्छु र यो बर्ष यो कार्य प्रारम्भ गर्नको निम्ति मन्त्रालय लागेको कुरा जानकारी गराउन चाहान्छु।

२ कहिले रातो कहिले सेतो किताब निस्कियो अब कस्तो किताब निस्कन्छ भन्ने. सन्दर्भमा गत आर्थिक बर्षमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रकाशित योजनाको किताब प्रकाशन भैसकेपछि भौतिक पुर्वाधार विकास मन्त्रालयको मात्र योजनाहरु समावेश गरि मन्त्रालयको योजना किताब प्रकाशन गरिएको थियो।यस आमा पनि त्यस्तै किताब प्रकाशन गरिएको जसको कारण प्रत्येक जिल्.व.लाको योजनाहरु सजिलै सँगै हेर्न सकिने र सर्वसाधारण जनताले पनि सजिलै थाहा पाउन सकेका छन भन्ने मन्त्रालयको बुझाई छ।मन्त्रालयको योजना मात्रै समेटि किताब प्रकाशन गर्दा बजेटमा परेको योजना र त्यसमा विनियोजित रकम हेर्न सहज भएको छ भन्ने बुझाई मेरो छ।

३सडक पुल तर्.फ पर्वतमा ७६ लाख लमजुङमा ६ करोड भन्ने सन्दर्भमा आगामि , आर्थिक बर्षका लागि पर्वत जिल्लामा ७ वटा सडक पुलहरु ५ करोड ५५लाख र लमजुङ जिल्लामा १० वटा सडक पुलहरु १४ करोड सत्तरि लाख बजेट विनियोजन भएको छ।यो बजेट विनियोजन गर्दा ठूलो अन्तर जस्तो लागे पनि संख्याका आधारमा जम्मा तिनवटा मात्र छन। जसमा पनि पर्वत जिल्लामा चालु आर्थिक बर्षमा एउटा पुल सम्पन्न भैसकेको अवस्था हो भने लमजुङ जिल्लामा कुनै पनि सडक पुल सम्पन्न भएन। पुललाई आवश्यक पर्ने रकम भनेको त्यस पुलको लम्बाइले निर्धारण गर्ने हुदा बजेट भन्दा पनि संख्या हेर्न आवश्यक हुन्छ जस्तो लाग्छ त्यसमा खासै फरक नभएको जानकारी गराउन चाहान्छु।

४ बलेवा नारायणस्थान कैया सडक पुल बाग्लुङ र पिपलटार अर्तौली सडक पुल. कार्यक्रमबाट हटे भन्ने सन्दर्भमा भौतिक पुर्वाधार विकास मन्त्रालयले सडक पुल निर्माणका लागि २ मोरालिटि लागु गर्ने गरेको छ।सानो खोला खोल्सिमा बन्ने छोटो सडक पुलहरु कार्यालयले  डिजाइन लागत र अनुमान तयार गरि खुल्ला बोलपत्रको माध्यमबाट निर्माण व्यवसायि छनौट गरि निर्माण गर्ने र ठूला नदीहरु जहाँ जटिल किसिमका पुलहरु निर्माण गर्नुपर्छ त्यस्तो ठाँउमा खुल्ला प्रतिस्पर्धाबाट निर्माण व्यवसायी छनौट गरेपछि सोहि निर्माण व्यवसायीबाट डिजाइन गराइ कार्यालयबाट स्विकृत गरि निर्माण कार्य गरिने विधि अनुसार निर्माण गरिन्छ।

माननीयज्यूले भन्नुभएको दुइवटै सडक पुल कालिगण्डकी नदीमा निर्माण गरिने पुलहरु हुन। बलेवा नारायणस्थान कैया सडक पुल बनाउनु पर्ने स्थान भौगोलिक रुपमा अत्यन्तै जटिल अवस्थाको छ। त्यो स्थानमा ओल्लो डाँडाबाट पल्लो डाँडामा जोड्दा पुलको लम्वाई करिब ३७० मिको सिङ्गल स्पान पुल बनाउनुपर्ने हुन्छ. । जुन किसिमको पुल हालसम्म खासै नेपालमा बनेको छैन भने तल नदीको किनारमा पुगेर पुल निर्माण गर्नका लागि पर्वत र बाग्लुङ दुवै तर्फ ठाडो भिरालो जमिन भएका कारण पुल सम्म पुग्ने सडक निर्माण गर्न नसकिने जस्तै अवस्था छ। उक्त पिपलटार अर्घौली सडक पुललाई डिजाइन एण्ड बिड मोडल अनुसार निर्माण र कैया सडक

पुललाइ सम्भव भएमा निर्माण कार्यलाइ अगाडि बढाउने कुरा म सम्मानित सभामा राख्न चाहान्छु।

५ गोर्खाको चुनउम्रिको बिकासको सन्दर्भमा चुनउम्रि गाउँपालिका हालसम्म पनि. सडक सञ्जालबाट जोडिन नसकेको गाउँपालिका हो। भौगोलिक रुपमा अत्यन्तै ठूलो भुभाग रहेको दुइवटा क्षेत्र चुनभ्यालि र रुविभ्यालि यस गाउँपालिकामा पर्दछन। नेपाल सरकारले नेपाली सेनाद्वारा आरुघाट सोति माछाखोला छेकम्पार सडक निर्माण गरिराखेको अवस्था छ भने प्रदेश सरकारबाट चिन सँगको सिमाना रुइला भञ्जाङ्गबाट सामदो सामा गाउँ खोदवि सिर्दिवास सम्म सडक निर्माणका लागि बजेट विनियोजन गरे पनि यामक्यापको क्षेत्रभित्र सडक निर्माण गर्नुपर्ने भएका कारण इआइए अध्ययन भइरहेको अवस्था छ।

अहिले सम्म प्रदेश वातावरण ऐन प्रमाणित हुन प्रमाणिकरण हुन बाँकि रहेको र नेपाल सरकारबाट करिब पन्ध्र दिन अगाडि मात्र बातावरण संरक्षण नियमावली स्विकृत गरेको कारण विगत एक बर्षदेखि इआइए स्विकृत हुन नसकेको अवस्था छ।त्यसकारण वातावरण प्रभाव मुल्याङ्कन स्विकृत गरि सडक निर्माण सम्वन्धि कार्य अगाडि बढाइने छ। त्यस गाउँपालिकामा झोलुङ्गे पुलहरु निर्माण अत्यन्तै आवश्यक भएको कारण विशेष प्राथामिकता दिएको छ।

खानेपानी योजनालाई पनि विशेष प्राथामिकता दिएको छ भने उज्यालो प्रदेश अन्तर्गत बत्ति नभएका घरहरुलाई सोलार वितरण गर्ने कार्यक्रम छ । कृषि मन्त्रालय अन्तर्गत हाइडेन्सिटि स्याउ लगाउनका निम्ति कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट विशेष प्राथामिकता दिएको कुरा म सम्मानित सदनलाइ जानकारी गराउन चाहान्छु।

६सडक मर्मत तथा सुधारमा राखिएको रकम स.न्दर्भमा योजनाको किताब प्राप्त गरिसकेपछि माननीयज्यूहरुले आफ्नो प्रश्नको जबाफ पाइसक्नु भएको छ भन्ने मलाई लागेको छ। बजेट बक्तव्यको क्रममा सडक मर्मतमा एकमुष्ट बजेट विनियोजन भएको भनेर आएता पनि सो रकम पि.आइ.यल.एमवियसमा सडक घनत्वको आधारमा प्रत्येक जिल्लामा बजेट विनियोजन गरेको व्यहोरा म सदनमा जानकारी गराउन चाहन्छु।

७ एक घर एक धारा अन्तर्गत धारा कहाँ बाँडे भन्ने सन्दर्भमा म यो धारा प्रत्येक. योजनागत रुपमा म सँग मैले कुन जिल्लामा कुन योजनामा कति धारा बनेका छन कारणले म जिल्लागत रुपमा कतिवटा कुन जिल्लामा कति धारा मात्र बने र टोटल धारा संख्या कति बने भन्ने कुरा म राख्ने अनुमति चाहान्छु।

१बाग्लुङ जिल्लामा. २३८७।

२पर्वत जिल्लामा ५१५५।.

३म्याग्दी जिल्लामा१४३९।.

४मुस्ताङ्ग जिल्लामा ३३०।.

५स्याङ्गजा जि.ल्लामा ४९७३।

६कास्की जिल्लामा २७१९।.

७गोर्खा जिल्लामा ७९९७।.

८ लमजुङ जिल्लामा १९५८।.

९मनाङ्ग जिल्लामा ३४८।.

१०तनँहु जिल्लामा ३५८५।.

११नवलपुर जिल्लामा ११३३. गरि कुल हालसम्म भारा ३२ हजार चौविस वटा धारा जोडिएको कुरो सम्मानित सदनमा राख्न चाहान्छु।यो अषाढको मसान्त सम्म साढे तेत्तिस हजार भन्दा बढि धारा जोडिने कुरा पनि यहाँहरु सम्म राख्न चाहन्छु।८ नवलपुर एकिकृत सदरमुकाम निर्माणमा बजेट किन कम भयो भन्ने. सन्दर्भमा प्रदेश सरकारले तयार गरेको गुरुयोजना हालै स्विकृत भै त्यहि गुरुयोजनाका आधारमा नेपाल सरकारबाट पनि बजेट विनियोजन नवलपुरलाइ भएको छ। संघिय सरकार अन्तर्गतका कार्यालयहरु सडक घेरावारको काम नेपाल सरकाबाट हुनेछ भने प्रदेश सरकारका कार्यालयहरु निर्माणका निम्ति अहिले रु दूई करोड. विनियोजन गरिएको छ।

त्यसबाट आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा बहुवर्षिय ठेक्का प्रणालीबाट निर्माण कार्य तुरुन्तै शुरु गरिनेछ। थप आवश्यक पर्दा थप बजेट आवश्यक भएमा व्यवस्था गरिने कुरा पनि सम्मानित सदन समक्ष राख्न चाहान्छु।

९ विनय त्रिवेणिका जनतालाई सडक खोइ भन्ने सन्दर्भमा सो सडक चितवन राष्ट्रिय. निकुञ्जको वफर जोन भित्र पर्ने र सो क्षेत्रमा सडक निर्माणका लागि इआइए आवश्यक भएको कारण नेपाल सरकारबाट इआइए अध्ययन भैरहेको कारण सो स्विकृत भैसकेपछि सडक निर्माण शुरु गर्नका लागि हामिले प्रत्येक बर्ष बजेट विनियोजन गरिराखेका कारण सो सडकलाई प्राथामिकतामा राखिएको जानकारी गराउन चाहान्छु।

विनय त्रिवेणि वार्डनं ६र ७का जनताका समस्याहरु यहि आर्थिक बर्षमा स्थलगत रुपमा पहिचान गरि एकमुष्ट रकम विनियोजन गरि काम अगाडि बढाइएको थियो। जसका कारण गण्डकी प्रदेशवासी हुनुमा उनिहरुमा हिनतावोध नभइ गर्बको अनुभुति मिलेको मैले पाएको छु। यस बर्ष पनि त्यहाँका योजनाहरुलाई बिशेष ध्यान दिएका छौं।

१० कुपोषण लागेको आकारमा रहेको भन्ने सन्दर्भमा ,दक्षिणा रुपि बजेट आएको. हामीलाई प्राप्त भएको बजेट शिलिङ दायित्व सृजना भएको योजनाहरु र रकम योजनाको आवश्यकता र खानेपानि जस्ता आधारभुत आवश्यकता पुरा गर्नुपर्ने जिम्मेवारी दुई बर्ष भित्र सम्पूर्ण सम्भाव्य आवश्यक झोलुङ्गे पुल बनाईसक्ने सरकारका नितिका कारण बजेट केहि कमि आए जस्तो लागेपनि योजनागत रुपमा गण्डकी प्रदेश सरकारले विनियोजन गरेको रकम तिन आर्थिक बर्षमा योजना सम्पन्न गर्ने गरि राखिएको जानकारी गराउन चाहन्छु। मन्त्रि कर्मचारि मौजुदा ऐन कानूनको समिक्षा , गर्ानुपर्ने हो कि भन्ने सन्दर्भमा मन्त्रि बनाउने पार्टिले र पार्टिले सरकार मन्त्रि बनाउने पार्टिले र पार्टिलाइ सरकार बनाउने अधिकार जनताले दिने हुँदा जनताको अधिकारमा प्रश्न गर्न उचित नहुने कुरा अनुरोध गर्न चाहन्छु।

कर्मचारिले तोकिएको कानून र कार्यविधि अनुरुप काम गर्नुपर्ने हुन्छ। हामीले कानूनले दिएको अधिकार राम्रोसँग परिपालन गरि कार्यसम्पादन गर्ने कर्मचारिलाई

पुरस्कृत गर्ने र काम नगर्ने कर्मचारिलाई कारबाहि गर्न सक्ने अवस्था पक्कै पनि रहेको छ। मौजुदा ऐन नियमलाई समय सापेक्ष परिमार्जन र संसोधन गर्न पक्कै पनि आवश्यक छ।उदाहरणका लागि खरिद ऐन नियम जग्गा प्राप्ती ऐनलाइ योजना बनाइ, समय सापेक्ष बनाउन आवश्यक छ।

१२ बजेटमा गण्डकी प्रदेशका जनता झुक्किएको हुनु पर्छ भन्ने सन्दर्भमा हाम्रा. योजनाहरु प्रष्ट रुपमा देख्न र बुझ्न सकिने रहेका छन। जस्तै एक निर्वाचन क्षेत्र एक सडक निर्माण गर्ने प्रत्येक स्थानिय तहको केन्द्र जोड्ने सडक निर्माण गर्ने सम्पूर्ण झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने सडक पुललाइ प्राथामिकता दिने। खानेपानी क्षेत्रलाई प्राथामिकता दिइ बजेट विनियोजन गरिएको। सिंचाईलाइ थप प्राथामिकता दिएको जनता आवास कार्यक्रम आदी जस्ता कार्यक्रमलाई प्राथामिकता दिइ प्रत्येक योजनामा बजेट विनियोजन गरिएको योजना तयारिलाई प्राथामिकता दिएको बजेट कसरी जनता झुक्काउने हुन सक्छ। त्यसैले यो बजेट जनपक्षिय छ। गण्डकी प्रदेशको समग्र सम्बृद्धिको पक्षमा छ। सबै क्षेत्र भुगोल वर्गका जनताहरुको मागलाई सम्वोधन गरेको छ भन्ने मैले ठानेको छु।

१३ तिन बर्षसम्म वातावरणिय प्रभाव मूल्याङ्कन हुन सक्दैन काम नगर्ने र नहुने. योजनामा जति बजेट हाल्दा पनि हुन्छ भन्ने सन्दर्भमा पक्कै पनि कानूनको अभावमा वातावरणिय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्विकृत हुन नसक्दा केहि महत्वपूर्ण योजनाहरु शुरु हुन सकेनन तर गण्डकी प्रदेश सभामा वातावरण संरक्षण ऐन स्विकृत भैसकेको र नेपाल सरकारबाट बातावरण संरक्षण नियमावली स्विकृत भैसकेको हुँदा अब ति समस्या नहुने कुरा म जानकारी गराउन चाहन्छु।

१४कुनै पालिकामा कुनै पनि योजना परेन भन्ने सन्दर्भमा बजेट निर्म .ाणको क्रममा सवै पालिकामा बजेट व्यवस्था गर्न अत्यन्तै प्रयास गरिएको हुँदा यदि कुनै पालिकामा छुट्न गएको देखिएमा आगामि दिनमा सो सन्दर्भमा उपयुक्त व्यवस्थापन गर्न पहल गरिने व्यहोरा जानकारी गराउन चाहान्छु।

१५बजेट विनियोजन विपक्षहरुलाई पुर्ण व्यवस्था गरि बजेट आ.एको भन्ने सन्दर्भमा बजेट विनियोजन प्रदेश सरकारले लिएको नीति पञ्चवर्षिय योजना जनताको ,

आवश्यकतालाई आधार बनाइ गरिएको छ। जनताको सम्स्या र ति समस्याहरुको वश्यकतालाई आधार बनाइ गरिएको छ। जनताको सम्स्या र ति समस्याहरुको समाधान सत्ता पक्ष विपक्ष दुवै दलहरुको उद्देश्य भएको हुँदा बजेट विनियोजनमा विपक्षलाई व्यवस्था नगरिएको व्यहोरा अवगत गराउन चाहान्छु।

१६ विदेशी सोलारको सट्टा विद्युत खपतलाई बृद्धि गर्न राम्रो हुन्थ्यो भन्ने सनर्दभमा. प्रहरी चौकि,राष्ट्रिय विद्युत प्रसारण लाइनबाट विद्युत सेवा नपुगेको स्वास्थ्य चौकि जस्ता अति आवश्यक कार्यालयहरुमा चौविसै घण्टा विद्युत सेवा उपलब्ध गराउने उद्देश्यका साथ मात्र यो कार्यक्रम राखिएको कुरा म सम्मानित सभामा जानकारी गराउन चाहान्छु।

१७ धेरै योजना.पुराना आए भन्ने सन्दर्भमा कोभिड-१९ विश्वव्यापि महामारिका कारण भौतिक पूर्वाधार विकास मन्त्रालयको लागि विनियोजन भएको बजेट कमि आएको हुँदा बहुवर्षिय ठेक्काको दायित्व सृजना भएका यस आर्थिक वर्षमा ठेक्काका लागि दायित्व सृजना भएका प्रदेश सरकारले लिएको महत्वपूर्ण नीति कार्यन्वयन गर्ने उद्देश्यका साथ योजनाहरुमा बजेट विनियोजन गर्नुपर्नेका कारण प्राय योजनाहरु पुरानो नै परेको कुरा यस सम्मानित सदनमा जानकारी गराउन चाहान्छु।

१८ नेता र कर्मचारिका मात्र योजना परेका भन्ने सन्दर्भमा भौतिक पुर्वाधार विकास. मन्त्रालयले क्रमागत योजनाहरुलाइ प्राथमिकता दिएको र नयाँ योजनाका लागि सर्वे डिजाइन लागत अनुमान तयार ठेक्का प्रकृया शुरु गर्ने उद्देश्यका साथ मात्र आगामी आर्थिक बर्षका लागि बजेट विनियोजन गरेको नयाँ योजनाहरुको छनौटका आधार मैले माथी नै प्रष्ट पारिसकेको हुँदा नेता र कर्मचारिले मात्र योजना परे भन्ने कुरा तथ्यमा आधारित नभएको कुरा माननीय सभामुख मार्फत यस सम्मानित सभामा जानकारी गराउन चाहान्छु।

१९ दुर्गम क्षेत्र वा बस्तीहरुमा पर्छ भनेको बजेट त शहर र सुविधा सम्पन्न ठाउँमा. पो पर्यो भन्ने सन्दर्भमा आगामि आर्थिक बर्षका लागि बजेट विनियोजन गर्दा भौतिक पर्वाधार विकास मन्त्रालयले दर्गम क्षेत्र र वस्तीलाई विशेष प्राथमिकता दिएको व्यहोरा अनुरोध गर्न चाहान्छु।जस्तै आधारभुत खानेपानी सेवा पुर्याउनको लागि बजेट विनियोजन भएको दुई बर्ष भित्रमा सम्भाव्य र आवश्यक भएको स्थानमा झोलुङ्गे पुल

निर्माण सम्पन्न गर्ने गर ी बजेट विनियोजन भएको स्थानिय तहको केन्द्र जोड्ने सडक निर्माण गर्न बाँकि रहेका स्थानिय तहको केन्द्र जोड्ने गरि बजेट विनियोजन भएको विद्युत विस्तारका लागि प्राथामिकता दिएको आदि कारणले विनियोजित बजेटमा दुर्गम क्षेत्र र वस्तिका लागि बजेटले प्राथामिकता दिएको कुरा प्रष्टसँग अनुभुति गर्न सकिने जानकारी म गराउन चाहान्छु।

२०सार्वजनिक सवारिका लागि प्रदेश सरकारले दश करोड. बजेट विनियोजन गरेको भन्ने सन्दर्भमा प्रदेश सरकारको विद्युतिय सवारी साधनलाई प्रोत्साहन दिने नीति अनुरुप यो वजेट विनियोजन गरिएको यस बजेटको कार्यान्वयनका लागि कार्यविधि निर्माण गरिनेछ। सो कार्यविधि अनुसार खुल्ला प्रतिस्पर्धाबाट छानिएका संघ संस्थाहरुको सहकार्यहरुमा बजेटलाई कार्यान्वयनमा ल्याउने कुरा जानकारी गराउन चाहन्छु।

२१ ठेक्का प्रकृयामा विनियोजित रकममा घट्न गएको घटेको रकम त्यहि खर्च गर्नुपर्ने. भन्ने सन्दर्भमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा बहुबर्षिय ठेक्का लागेका र मन्त्रालयको सहमति लिई बिशेष आयोजनामा विनियोजित बजेट भन्दा बढि रकमको ठेक्का लागेका योजना बाहेक अन्य सवै योजनाहरुमा विनियोजित बजेट बराबरको ठेक्का आब्हान गरि कार्यान्वयन गर्दै आइएको छ। यसरी ठेक्का प्रकृयालाई कार्यान्वयन गराउँदा निर्माण व्यवसायिले लागत अनुमान भन्दा कम रकममा ठेक्का स्विकार गर्ने हुँदा करिव सवैजसो ठेक्काहरुमा केहि बजेट बचत हुन जान्छ। त्यसरी बचत भएको बजेट पुन त्यहि योजनामा खर्च गर्दा मुलत त्यहाँका समस्याहरु रहन सक्छन।

१ बहुबर्षिय ठेक्का लागेका योजनाहरुमा विनियोजित गरिएको बजेट भन्दा थप बजेट. आवश्यक पर्न गई ति योजनाहरुमा बजेटअभाव हुने।

२ कुनै योजनामा बचत भएको रकम त्यहि योजनामा पुन ठेक्का लगाउदा ठेक्का प्रकृया. सम्पन्न गर्न करिब ३ महिनाको समय लाग्ने हुँदा सोहि आर्थिक बर्षमा कार्य सम्पन्न हुन नसक्ने अवस्था सृजना हुन सक्ने।

यसकारण योजनाको आवश्यकता र कार्य गराउनका निम्ति समय उपलब्ध भएमा त्यहि थप कार्य गराउन सकिने तर सवै योजनाहरुमा यो सम्भव नहुने व्यहोरा म सम्मानित सदनमा जानकारी गराउन चाहन्छु।

२२ साना साना योजना आयो वार्ड जस्तो भयो भन्ने सन्दर्भमा भौतिक पुर्वाधार विकास. मन्त्रालयबाट गण्डकी प्रदेश सरकारले लिएको नीति अनुरुप सवै स्थानियतहको केन्द्र सम्मको सडक निर्माण सम्पन्न गर्ने उज्यालो प्रदेश बनाउने सवैलाई आधारभुत स्तरको खानेपानी सेवा उपलब्ध गराउने एक घर एक धारा कार्यन्वयन सम्पन्न गर्ने सवै सिंचाई योग्य भुमिमा सिंचाई सुविधा उपलब्ध गराउने, उद्देश्यका साथ बजेट उपलब्ध गराउने गरि बजेट विनियोजन गरिएको हो।

यि उद्देश्यहरु पुरा गराउनको लागि कुनै योजनाहरु ठूला र कुनै योजनाहरु साना हुन सक्छन।हामीले जनतालाई यि यि कामहरु यति यति बर्ष भित्र सम्पन्न गर्छौं भनेर बाचा गरिएको र ति योजनाहरु साना वा ठुला जे भएपनि नेपाल सरकार र स्थानिय सरकार सँग सहकार्यमा पुरा गर्नपर्ने दायित्व प्रदेश सरकारको भएको हुँदा सोहि बमोजिम बजेट् विनियोजन भएको माननीय सभामुख मार्फत यस सम्मानित सदनमा जानकारी गराउन चाहन्छु।

माननीय सभामुख महोदय हाम्रा सवै योजनाहरुमा गण्डकी प्रदेशको अनुहार देखेका छौं।बाँकि समस्याहरुका पहाडहरु हाम्रा अगाडि तेर्सिएका छन। डोका भित्रका गाग्रिहरु हामीले देखेका छौं।सिंचाईको अभावमा रहेका बाँझा खेतहरु देखेका छौं।बर्षातमा खेत रोप्न मिल्ने गरि पहिले नै खनेका सडक सम्झेका छौं। अध्याँरोमा टुकिमा रात विताईरहँदाका पिडा एवंम खरका छाना माथि त्रिपल ओडाइएको घरहरु पनि महशुष गरेका छौं तसर्थ यिनै समस्यालाई लक्षित गरि हामी प्राथामिकताका साथ अगाडि बढिरहेको व्यहोरा माननीय ज्यूहरुलाई अवगत नै छ।परिणामहरु देखिन थालेका छन। त्यसलाई नजर अन्दाज गर्न मिल्दैन जस्तो मलाई लाग्दछ तथापि हामिले जुन हिसाबले आशा गरेका थियौं त्यसमा केहि परिस्थितिजन्य हिसाबले तलमाथी हुन सक्छ तथापि म बिश्वास दिलाउन चाहान्छु।

हामी बर्तमान अवस्थालाई बदलेरै छाड्ने अठोटका साथ उद्देश्यमा जुटिरहेका छौं। यसमा सवै माननीय ज्युहरुको साथ र सहयोग मिलेको छ र मिलिरहने पूर्ण विश्वास लिएको छु। योजना विनियोजनमा सुन तौलेको जस्तो गरेर बराबर त गर्न सकिएको छैन तथापि हाम्रा सबै कार्यक्रमहरु जनपक्षिय छन। सबै भुगोल बर्ग र तप्कामा पुगिरहेका छन। सरकार सवै जनताको अभिभावक पनि हो। बिगत लामो समय देखि नजर नपरेका स्थानहरुको पहिचान समेत गरि योजनाहरु छनौट भएका छन। हामी जनतालाई ढाँटेर भ्रम छरेर मिठो बोलेर होईन काम गरेर देखाएर विश्वास लिन पर्छ भन्ने मूल्य र मान्यताका साथ अगाडी बढेका छौं। नियत वस पश्चाताप गरिएको जस्तो लाग्दैन। योजना छनौटका मुख्य आधारहरुमा माननीयज्यूहरुबाट प्राप्त योजनाहरुको प्राथामिकरण जिल्ला स्थित कार्यलयहरुबाट प्रस्तावित महत्वपुर्ण योजनाहरु र स्थलगत अबलोकन गर्दा देखिएका समस्याग्रस्त स्थानहरुमा योजनाहरुलाई मुख्य मानी बजेट परिधि भित्र रहँदै छनौट गरिएको छ। प्रदेश भित्रका दुर्गम क्षेत्रका जनताको आर्थिक सामाजिक अवस्थालाई मध्यजनजर गरी शसक्तिकरण गर्नुपर्ने योजनालाई समेत पहिचान गरि विशेष बजेट विनियोजन गरिएको छ। जनताको विकास निर्माण प्रतिको उर्लदो चाप माननीयज्यूहरु मार्फत यस मन्त्रालयमा प्रतविम्वित हुनुलाई सकरात्मक रुपमा लिदै आइरहेको छु तर सिमित श्रोत साधनका कारण पेश भएका माग बमोजिमका योजना फराकिलो मन गर्न नसक्दा दुख लागेको छ।

अन्त्यमा विनियोजन विधेयकमा यस मन्त्रालय अन्तर्गतको छलफलमा भाग लिई सल्लाह सुझाव पृष्ठपोषण मार्ग निर्देशन प्राप्त गर्नुहुने सम्पुर्ण माननीय ज्युहरुलाई धेरै धेरै धन्यबाद व्यक्त गर्न चाहन्छु। यहाँहरुबाट प्राप्त सल्लाह सुझाव र पृष्ठपोषणहरु यथासक्य कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै जति योजनाहरु समावेश भएका छन तिनीहरुको पुर्ण कार्यान्वयनमा सवै मिलि विगतमा जसरी मन्त्रालयलाई आवश्यक साथ सहयोग समर्थन दिनु भएको थियो त्यसरी नै भोलिका दिनमा पनि अपेक्षा गरेको छु। सरकार नकरात्मक होइन सकरात्मक कुरा सुन्छ र ग्रहण गर्छ दृढताको साथ कार्यान्वयन गरेर छाड्ने सरकारको प्रतिवद्धता भएको म माननीय ज्यूहरु सँग राख्न चाहान्छु। संघीयताले समाजलाई रुपान्तरण गर्छ विकास र सम्वृद्धि ल्याउँछ भन्ने

कुरामा माननीय ज्यूहरु ढुक्क रहन अनुरोध गर्न चाहान्छु। भौतिक पुर्वाधार विकास मन्त्रालय जनताको चाहाना अनुरुप यहाँहरुको समग्र विकास निर्माणमा पूर्ण रुपमा लाग्ने प्रतिवद्धताका साथ आफ्नो भनाई यहि अन्त्य गर्दछु ,धन्यबाद नमस्कार, अभिवादन।

**माननीय सभामुख**

माननीय सदस्यहरु अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्रि श्रि किरण , गुरुङलाई विनियोजन विधेयक २०७७ छलफल गर्ने क्रममा आफ्नो मन्त्रालयसँग सम्वन्धित विषयमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु।

**आर्थिक मामिला तथा योजना मन्त्रि श्री किरण गुरुङ**

माननीय सभामुखज्यू, धेरै कुराहरु मैले यस भन्दा अगाडि नै प्रष्टिकरण दिइसकेको छु। म थोरै कुराहरु मात्र राख्न चाहन्छु र अहिले म मेरो आफ्नै मन्त्रालयसँग सम्वन्धित केहि प्रश्नहरुको प्रश्न भन्दा पनि केहि जिज्ञासाहरु केहि स्पष्ट पार्नु पर्ने कुराहरु मात्र राख्न गइरहेको छु। सबैभन्दा पहिला म यहाँहरुलाई के प्रष्ट पार्न चाहन्छु भने बजेट कसरी बन्छ भन्ने सन्दर्भमा मैले धेरै पटक पनि भन्ने गरेको छु। सवैभन्दा पहिला नीति तथा योजना आयोगले आवधिक योजना बनाएको छ र त्यसको साथसाथै प्रत्येक बर्ष हामीले मध्यमकालिन खर्च संरचना निर्माण गर्छौं अर्थात मध्यमकालिन खर्च संरचना निर्माण भएको छ र प्रत्येक आर्थिक बर्षमा हामीले त्यो मध्यमकालिन खर्च संरचनालाई संसोधन गर्दै आँउछौं। जुन आर्थिक बर्षमा मध्यमकालिन खर्च अर्थात बजेट पेश हुन्छ र त्यो बजेटको आधारमा बसेर त्यसपछिको पछिल्लो दुइ बर्ष सम्मको हामीले अनुमान गरेर मध्यमकालिन खर्च संरचना संसोधन गर्ने अर्थात निर्माण गर्ने परम्परा रहेको छ । त्यहि परम्परा अनुसार नै हामी अगाडि बढ्छौं र त्यसमा आधारित भएर सबैभन्दा पहिला नीति तथा कार्यक्रम बन्छ र त्यो नीति कार्यक्रम आवधिक हाम्रो योजना छ।

त्यो आवधिक योजना र मध्यमकालिन खर्च संरचनाको मापदण्डमा रहेर अर्थात त्यसले निर्देशित गरेको नीति कार्यक्रमहरुमा, योजनाहरुमा आधारित भएर हामीले यो आर्थिक बर्षमा हामीले के के गर्नुपर्छ र के के गर्नसक्छौं एउटा सरकारले बहुमतको सरकारले

एउटा स्थिर सरकारले योजना बनाउँदा खेरी आँफूलाई पाँच बर्ष जुन म्यानडेट छ जुन पाँच बर्ष काम गर्ने सरकारले पाँउछ त्यस आधारमा रहेर पाँच बर्ष मैले के गर्छौं । र त्यस भन्दा अगाडि सरकारहरुले गरेका योजनाहरुको एउटा लेगिसीको रुपमा त्यसको उत्तराधिकारीको रुपमा र त्यो योजनालाई टुङ्गोमा पुर्याउने हिसाबले त्यसलाई पनि ध्यानमा राखेर नीति कार्यक्रमहरु तय हुन्छन् ।

र त्यसरी तय भएको नीति तथा कार्यक्रमलाई फेरि आधारित भएर त्यसपछि मात्रै श्रोत व्यवस्थापन गर्ने अर्थ मन्त्रालयको काम भनेको त्यसको श्रोत व्यवस्थापन गर्ने हो नीति कार्यक्रममा जे कुरा आएका छन जे कुरा उल्लेख भएका छन् । त्यसलाई कसरी श्रोत व्यवस्थापन गरेर त्यसलाई मिलाउने भन्ने कुरामा खास गरेर त्यसको विवरण अर्थ मन्त्रालयले त वजेट विनियोजन गर्ने कुरा हो र त्यसको आधारमा अर्थ मन्त्रालयले के पनि गर्छ त भन्दा त्यसको आधारमा सम्वन्धित मन्त्रालयले एउटा सिलिङ्ग दिने काम गरेको हुन्छ र त्यो सिलिङ्ग दिएको हुन्छ र सिलिङ्गको आधारमा सम्वन्धित मन्त्रालयले कार्यक्रमहरु राख्ने प्रस्तावित गर्ने कति त्यो कार्यक्रमलाई त्यो योजनालाई कति खर्च लाग्छ त्यो खर्च सहितको त्यो सिलिङ्गमा रहेर सम्वन्धित मन्त्रालयहरुले नै बजेट निर्माण गर्ने काम गर्छ र त्यसपछि त्यो बजेट निर्माण गरेको समयावधि भित्र अर्थ मन्त्रालयमा आउँछ र अर्थ मन्त्रालयले त्यसलाई मिलाउने काम मात्रै गर्छ र कतिपयलाई के लाग्छ त भन्दा अर्थमन्त्री भएपछि सवै कार्यक्रमहरु अर्थमन्त्रीले नै हाल्ने गर्छ। सबै साँचो अर्थमन्त्री कहाँ हुन्छ अर्थमन्त्रीले फटाफट कार्यक्रम झिक्न पनि मिल्छ। फटाफट थप्न पनि मिल्छ। नयाँ नयाँ कार्यक्रमहरु पनि विभिन्न मन्त्रालयहरुमा राख्न मिल्छ भन्ने खालको सोंच पनि हुन सक्छ र त्यो सोच अनुसार त्यस्तो गर्न हुदैन। गर्न सकिएला आफ्नो ठाँउमा छ। साँचो हुन्छ, थपघट गर्न सकिन्छ। सबै गर्न सकिन्छ तर हामीले एउटा लोकतन्त्रमा त्यस्तो गर्दैनौ। त्यो गर्ने कुनै पनि ले दिदैन त्यसकारणले गर्दाखेरी सम्वन्धित मन्त्रालय सँग सल्लाह गरेर यदि हाम्रो नीति कार्यक्रम सँग मिलेको छैन। हाम्रो योजना अनुसार मिलेको छैन अर्थात हाम्रो सरकारले कसरी अगाडि बढ्ने भन्ने कुरा राखेको छ।

त्यस आधारमा त्यो मिलेको छैन भने त्यसलाई सम्वन्धित मन्त्रालय सम्वन्धित कर्मचारी सचिवहरु सँग बसेर छलफल गरेर र त्यो प्राविधिक हिसाबले नमिलेको अवस्थामा अन्य विभिन्न श्रोत व्यवस्थापन गर्न नसकेको कारणले गर्दाखेरी त्यसलाई अलि खुम्चाउनु पर्ने अवस्था आएमा पनि सम्वन्धित मन्त्रालय सँग बसेर छलफलमा सहमतिमा तल माथी गर्ने हुन्छ अन्यथा त्यो हुदैन। जस्तो आँउछ त्यस्तै हामीले अर्थमन्त्रालयले व्यवस्थापन गरेको हुन्छ र त्यसै अनुसार अघि मैले मध्यमकालिन खर्च संरचनाको बारेमा कुराकानि गरे।

यहाँ केहि माननीय सदस्यहरुले राख्नु भएको थियो । कि अहिले यो बर्षमा यो बर्षको निम्ति ४३ अरब ५५ करोड अर्थात अब ४३ अरबको हुनुपर्ने भनेकोमा कसरी यो चौतिस कसरी अटतिस भन्ने कुरा यहाँ अर्थमन्त्रीले भन्नु भयो भनेर पनि प्रश्न उठाउनु भएको थियो । र यो २०७५ ०७६ को आर्थिक/वर्षको यो मध्यमकालिन खर्च संरचनामा यो अहिले ०७७ ०७८ को निम्ति भनेर त्यस बेला अनुमान गरिएको/ थियो ४३ अरबको त्यसपछि हामीले यो अहिले जुन चालु आर्थिक बर्षमा त्यसबेला पनि ३३ अर्वको बजेट ल्याउनुपर्नेमा हामीले ३२ अर्वको बजेट ल्यायौं र त्यसको गरेका हौं। यो चालु आर्थिक बर्षमा हामीले यो अहिले आगामी आर्थिक बर्षको निम्ति भनेर ३८ अर्वको हामीले अनुमान गरेका थियौं र त्यसलाई अहिले हामीले ३८ अर्व अनुमान गरेपनि हामीले ३८ अर्वको बजेट ल्याउन सकेनौं। ३४ अर्वको बजेट ल्यायौं भनेर हामीले भनेका हौं । र माननीयहरुले उठाउनु भएको जिज्ञासा प्रश्न पनि ठिकै हो। तर त्यो अघिल्लो बर्षको अहिलेको यो बर्षको मध्यमकालिन खर्च संरचनामा आधारित हैन र अहिले पनि फेरि यो बर्षको बजेटको पनि मध्यमकालिन खर्च संरचना तयार भैसकेको छ। मलाई लाग्छ सायद आज तपाइहरुले पाउनु हुन्छ।

यो प्रदेश सभाको सचिवालयमा त्यो बुझाइ सकिएको छ र अब यो धेरै कुराहरु के भएको छ भन्दाखेरि अब जिल्लागत हिसाबले क्षेत्रगत हिसाबले स्थानिय तहगत हिसाबले बजेट समान बितरण भएन त्यो धेरै नै तलमाथी भयो। धेरै नै अब अग्लो होचो देखियो भन्ने यहाँहरुको गुनासो छ र यो सम्वन्धमा अब सम्वन्धित मन्त्रालयहरुले

आ आफ्नो किन कसरी यो बजेट कार्यक्रमहरु योजना कसरी-आफ्नो ढंगले आ- छनौट भए भन्ने बारेमा बताइसक्नु भएको छ र बाँकि मन्त्रालयहरुले पनि बताउनु आवश्यकतालाई ध्यान दिन पर्छ भनेर हामी भन्छौं भने हामीले फेरी स्थानीय तह र अब प्रदेशको निर्वाचन क्षेत्र अनुसार र जिल्ला अनुसार सबै जिल्लाहरुमा समान हुन्छ भनेर हामी भन्न सक्तैनौं किनकी कुनै कुनै ठाँउमा प्राथामिकतामा र आवश्यकता दिनु पर्ने कुराहरुमा कुनै जिल्लामा झोलुङ्गे पुलको हुन सक्छ।

कुनै जिल्लामा खानेपानीको आवश्यकता हुन सक्छ अत्याधिक मात्रामा कुनै जिल्लामा बाटोको अत्याधिक मात्रामा आवश्यकता हुन सक्छ, कुनै जिल्लामा सिंचाईको खाँचो हुन सक्छ । त्यसकारणले गर्दाखेरी आवश्यता र प्राथामिकतालाई पनि ध्यान दिदाखेरी हामीले सवै क्षेत्रमा सवै गाँउमा सवै ठाँउमा एकै प्रकारले हामीले अलि समान समावेसि ढंङ्गले हामी बजेट छुट्टायउन नसक्ने अर्थात त्यसको कसो गर्दा त्यो साँच्चैकि प्राथामिकता र आवश्यकतालाई पनि हामीले सम्वोधन गर्न सक्ने र त्यसलाई कसरी समावेसी पनि बनाउन सकिने भन्ने एउटा मापदण्ड बनाउनु पर्ने नै देखिन्छ। यो कुरा नाजायज होईन। कुनै जिल्लामा एकदम धेरै पर्ने कुनै जिल्लामा थोरै पर्ने, कुनै निर्वाचन क्षेत्रमा पर्ने कुनै, निर्वाचन क्षेत्रमा नपर्ने, कुनै गाँउपालिकामा पर्ने नगरपालिकामा पर्ने, कुनै गाँउपालिकामा पर्दै नपर्ने खालको गर्न हुदैन। त्यो समावेशिको हिसाबले त्यसो गर्न हुदैन र अहिले संघियताको हिसाबले समावेशि सिद्धान्तको आधारमा हाम्रो राज्य संरचना बनेको हिसाबले मलाई लाग्छ त्यसो गर्न हुदैन तर पनि हामीले अहिले सम्म त्यसलाई एउटा बिकास गर्दा कसरि राम्रो हुन्छ भनेर एउटा अध्ययन पनि गरिरहेका छौं।

प्रयत्न सकभर समावेशि बनाउने।भएन भने खास खास कार्यक्रमहरुलाई हामीले समावेशी बनाउनु पर्यो भनेर हामीले ध्यान दिएका छौं र त्यसैले हामीले कतिपय कुराहरुलाई एउटा स्थानिय तहमा एउटा खेलकुद ग्राम एउटा स्थानिय तहमा एक उद्योग ग्राम एक स्थानिय तहमा अब अस्पताल निर्माण गर्ने देखि लिएर हामीले यसरी पनि भनेर आएका छौं तैपनि त्यति भन्दा भन्दै पनि सवै स्थानिय तहमा खेल ग्राम

बनाउन सके खेल मैदान बनाउन सकिएको छैन। उद्योग ग्राम बनाउन सकिएको छैन र त्यसै अनुसार हस्पिटल बनाउने कुरा अगाडि बढाउन सकेका छैनौं र त्यसै गरेर धेरै कुराहरु पनि हामीले प्रशासनिक भवन बनाउने भनेर पनि हामीले छुट्टाएका छौं । र त्यसो भन्दा भन्दै पनि सवै स्थानिय तहहरुले म प्रशासनिक भवन बनाउँछु भनेर बनाउनका निम्ति जग्गा नभएका कारणले गर्दाखेरि बनाउन सकि रहेको अवस्था पनि छैन।

अन्त्यमा पनि कुनै कुनै बजेट सवै स्थानिय तहहरुमा पुगोस भन्ने हिसाबले हामीले त्यो गरिएको हो। त्यसभन्दा अरु नै धेरै कार्यक्रमहरु पनि रहेको छ।त्यसरि पनि यसलाई सन्तुलित बनाउन सकिन्छ भनेर त्यो पर्यत्न पनि हामीले गरिनै रहेका छौं। आगामी दिनमा पनि अझ धेरै अरु अरु कुराहरुलाई पनि कुन कुन कार्यक्रमहरुलाई पनि त्यसरि स्थानिय तहमा पनि फोकस गरेर हामी जान सक्ने हो भने मलाई लाग्छ निर्वाचन क्षेत्र त्यसपछि आएर जिल्लामा त्यो समावेशी हुन्छ र त्यसै गरेर अर्को अवस्था के छ त भन्दा अघि भौतिक पुर्वाधार विकास मन्त्रिज्यूले पनि बताईसक्नु भएको छ।

एउटा उदाहरण मात्रै एउटा हामीले एक निर्वाचन एक सडक भनेर भनेका छौं। त्यो सडक कसैको होला मलाई लाग्छ दश बार्ह करोड देखि लिएर त्यो पचास साठी करोडको मलाई लाग्छ त्यो बाटो होला अब त्यस्तो अवस्थामा पैसाको हिसाबले गर्ने हो भने त्यो समान देखिदैन। कसैको थोरै होला दश बार्ह करोड मात्रै होला लाग्ने होला। कसैको ५०/ ६० करोड लाग्ने होला तर बाटोको हिसाबले एक निर्वाचन क्षेत्रमा एउटा सडक पुग्यो भन्ने  हिसाबले भन्ने हो भने फेरी त्यो समावेशि नै हो। त्यसकारणले गर्दा खेरि कृपया हामीले कार्यक्रम छनौट गर्दा पनि कुनै ठाँउमा त्यो थोरै लागतमा बन्ने हुन्छ कुनै ठाँउमा त्यसको लागत महङ्गो पर्ने हुँदा पनि जब हामीले फेरि कार्यक्रमित हिसाबलेले पनि त्यो समावेशी छ कि छैन भनेर हामीले हेर्ने हो ।

त्यसपछि पैसाकै हिसाबले छुट्टाएको हिसाबले रकमको हिसाबले पनि त्यस्तो छ कि छैन भनेर हेर्दा खेरी त्यो तलमाथी पर्न सक्छ। मलाई लाग्छ त्यसलाई हामीले अन्यथा हो भनेर हामीले भन्न सक्तैनौं किनकी त्यो हाम्रो भौगोलिक अवस्थाले त्यस्तो

माग गर्छ र त्यो निरपेक्ष समानताको माग गर्दैन। सापेक्ष समानताको माग गर्छ र सापेक्ष समानता हो कि होइन भन्ने कुरालाई नै हामीले मुख्य गरेर मापदण्ड बनाएर अगाडि बढ्न पर्छ। कुनै पनि कार्यक्रमहरुलाई कुनै पनि योजनाहरुलाई हेर्दाखेरी हामीले  निरपेक्ष समानताको आँखाले हैन दृष्टिकोणले हैन हामीले सापेक्ष समानताको हिसाबले हेर्ने हो भने मलाई लाग्छ ।अहिलेको गण्डकी प्रदेशको कार्यक्रमहरु योजनाहरु विनियोजित बजेटहरु मलाई लाग्छ त्यो ठूलो फरक देखिएको छैन जस्तो मलाई लाग्छ।

मैले त्यहि अनुरोध गरे र त्यस्तै गरेर अब हामीले जोड दिन खोजेको अब धेरै कुराहरु उठेको छ।हामी सवै समाजबादी हौं समाजबाद प्रति हामी सवै आस्थावान छौं। मलाई लाग्छ अहिले हाम्रो राष्ट्रिय राजनीतिमा रहेका सवै राजनैतिक पार्टिहरुले समाजबादलाई सवैले स्विकार गर्छ। ठिक छ आ आफ्नो भनाई होला समाजबादको-आफ्नो होला।सिद्धान्त आफ्नो होला-आफ्नो होला दृष्टिकोण आ-बारेमा बुझाई आ तर पनि आधारभुत रुपमा समाजबाद भनेको के हो भन्दाखेरी मोटो रुपमा हामीले बुझ्ने भनेको समाजबाद भनेको क्षमता अनुसार काम दिनुपर्छ।क्षमता अनुसार सवैले काम पाउनुपर्छ। प्रतिस्पर्धाको आधारमा पनि हैन क्षमताको आधारमा सवैले प्रतिस्पर्धा त हुन्छ तर हुँदा हुदै पनि सवैले काम पाउनु पर्छ क्षमताको आधारमा जसले जे काम गर्न सक्छ त्यो क्षमता अनुसार उसले काम पाउनु पर्छ। वितरण कसरी हुने उनको क्षमताको आधारमा जति काम गरेको छ। त्यसरी नै वितरण गर्ने कुरालाई समाजबाद भनेर भनिदैन तर उसलाई बाँच्नका निम्ति त्यो समाज जुन रुपमा अगाडि बढेको छ त्यो रुपमा मान्छे भएर बाँच्नका निम्ति उसलाई आवश्यकता के के पर्छ जरुरत के के पर्छ ।

त्यो उसले पाउनु पर्छ।कामको आधारमा दिने होईन कुनै शारिरिक हिसाबले काम गर्न सक्तैन तर अरु हिसाबले फेरि स्वस्थ्य मान्छेको जस्तो खर्च लाग्न सक्छ भने उसले खर्च कसरि पाउनु पर्छ त भन्दा एउटा स्वास्थ्य मान्छेले जसरी खर्च पाँउछ, त्यसरी नै यसले खर्च गर्न पाउनु पर्यो। उसले शारिरिक हिसाबले पनि धेरै काम गर्न सक्तैन भने पनि उसलाई त्यहि अनुसार काम दिनपर्यो तर जब उसलाइ तलब दिने

कुरा हुन्छ दाम दिने कुरा हुन्छ । त्यसबेला उसको आवश्यकता पुर्ति हुने गरि उसलाई दिन पर्छ।मलाई लाग्छ समाजबाद भनेको यहि नै हो। त्यसमा थप कुरा भनेको व्यक्तिको होइन समाजको सवै उत्पादनका साधनहरुमा व्यक्तिको होइन समाजको अधिकार रहन्छ। वितरणमा पनि व्यक्तिलाई हैन समाजको अधिकार रहने जुन प्रणाली छ त्यो प्रणालीलाई नै समाजबाद भन्ने हो।

जहाँ व्यक्ति कुनै एकदमै धनी हुने सवै व्यक्तिलाई राज्यले नियन्त्रण गर्ने अर्थतन्त्रलाई नियन्त्रण गर्ने स्थिति रहदैन। सबैमा सामाजिक सामुहिक समाजको स्वामित्व रहन्छ अर्थात राज्यको स्वामित्व रहन्छ त्यो समाजलाई नै समाजबाद समाज भन्ने हो त्यो अर्थतन्त्रलाई नै हामीले समाजबादी अर्थतन्त्र भन्ने हो र यो सम्भब कहिले हुन्छ त भन्दा जब हामीले पूँजीको विकास गर्न सक्छौं। उत्पादनका साधनहरु जसले पूँजी निर्माण गर्ने उत्पादनका साधनहरु हामीले विकास गर्न सक्छौं तब मात्र ति उत्पादनका साधनहरुलाई समाजको बनाएर पुरा अर्थतन्त्रलाई हामीले समाजको बनाउन सक्छौं। हैन भने सानो स्केलको हाम्रो अर्थतन्त्रले एउटा किषानी अर्थतन्त्रले आँफुले उब्जाएको छ।निर्वाहमुखि अर्थतन्त्रले कहिल्यै पनि समाजबादमा पुर्याउदैन।त्यो व्यक्तिमा नै निहित हुन्छ। जसले शोषण गर्छ । त्यो धनी हुन्छ जसले शोषण गर्न सक्तैन श्रमिक हुन्छ उनिहरु न्यून आयका हुन्छन।सामान्ती अर्थतन्त्रमा यहि लागु हुन्छ उनिहरुको जुन खेतिपाति अहिले हामीले भनिरहेका छौं।हामीले खेतिपाती गर्ने भनेर भनेका छौं।

हामीलाई लाग्छ, कोरानाको कारणले गर्दा खेतिपाति गर्ने बित्तिकै हामी आत्म निर्भर हुन्छ हाम्रो राष्ट्रिय अर्थतन्त्र आत्म निर्भर हुन्छ भन्ने हामीलाई लाग्न सक्छ। मैले त्यसको अर्थ भनेको कृषि क्षेत्रमा हामीले लगानी गर्ने भन्ने होइन तर हिजो हाम्रो बाउ बाजेको जुन कुटो कोदाली गरेर हाम्रो पूँजी निर्माणको काम गर्नुछ।हामीले सक्तैनौं।ठिक छ हामीले अन्न निकेन्ने अवस्था हुन सक्छ।हामीले खेति गर्ने हो भने हिजो हामीले गरिरहेकै जुन प्रणाली छ त्यो प्रणालीको आधारमा खेति गर्दा खेरि त्यसले ठूलो पूँजि निर्माण गर्दैन र अहिले पनि आवश्यकता के छ हिजोको हामीले

हिजोको समाजलाई हेर्ने हो भने हाम्रो अर्थतन्त्र सानो थियो। अहिलेको अर्थतन्त्र भनेको अलि ठूलो भएको छ।

हिजो खाना पुगे सबभन्दा ठूलो कुरो भनेको मान्छेले हिजो मान्छेले आजभन्दा दश बार्ह बर्ष अगाडि हाम्रा बा-आमाहरुले के गर्दथे भने सबभन्दा ठूलो खानामा खर्च गर्दथे तर अहिले स्थिति त्यस्तो छैन खानामा अहिले सवभन्दा थोरै खर्च हुन्छ। खानामा भन्दा अन्य कुरामा अहिले धेरै खर्च हुन्छ। त्यसकारणले गर्दाखेरी समाज बदलिएको छ अर्थतन्त्र बदलिएको छ। राष्ट्रिय अर्थतन्त्रमा पनि किसान र कृषि उत्पादन त्यसको घट्दै छ र घट्दै जान्छ जब पूँजी निर्माण हुदै जान्छ, जब बिकास हुदै जान्छ, हिजो कृषिले ओगटेका हाम्रो राष्ट्रिय अर्थतन्त्रले त्यो विस्थापित हुदै जान्छ। जति त्यो विस्थापित हुदै जान्छ त्यति नै यो औद्योगिक पूँजीबादी पूँजीको निर्माण राष्ट्रिय पूँजीको निर्माण जति विकास हुदै जान्छ। त्यसपछि आएर कृषि क्षेत्रको त्यो कम हुदै जान्छ।

त्यसले गर्दा खेरी अहिले पुजि निर्माण गर्ने कुरालाई पनि हामीले ध्यान दिनुपर्छ र पूँजी निर्माण नभए सम्म हामीले हाम्रो विकासका आकाँक्षाहरुलाई हामीले पुरा गर्न सक्तैनौ। समाजबादको आकाँक्षालाई हामीले पुरा गर्न सक्तैनौ। समाजबादलाई हामीले साकार पार्नका निम्ति पनि सवभन्दा पहिला पुजि निर्माण गर्ने राष्ट्रिय पुजि नर्माण गर्ने कामलाई हामीले प्राथामिकतामा राख्न पर्छ।

सवै पुरानो सम्वन्धहरुलाई आर्थिक सम्वन्धहरुलाई उत्पादनका सम्वन्धहरुलाई सामाजिक साँस्कृतिक सम्बन्धहरुलाई हामीले त्यसलाई तोडेर हामी जबसम्म अगाडि बढ्न सक्तैनौं तबसम्म हामी समाजबादमा पुग्न सक्तैनौ त्यसैले अहिलेको गण्डकी प्रदेश सरकारले यसैलाई हेरेर नै कुन कुन छत । त्यस्तो आधारहरु समाजबादमा पुर्याउने हाम्रा आधारहरु के हुन भौतिक पूर्वाधार सडक विजुली पानी देखि लिएर शीक्षा, स्वास्थ्य देखि लिएर यिनै हुन हाम्रा आधारहरु त्यसमा हामीले लगानी गरेका छौं। कृषि क्षेत्रलाई पनि हामीले ध्यान दिएका छौं। त्यसलाई आधुनिकिकरण गर्न नसकिकन त्यसलाई पुंजी निर्माणमा हामीले कृषि क्षेत्रलाई अगाडि बढाउन सक्तैनौ।

प्रविधि उन्नत खालका प्रविधि द्वारा हामीले त्यसलाई कृषि क्षेत्रलाई अगाडि बढाउन सकेनौं भने पनि हामी अगाडि बढ्न सक्तैनौं। हामीले ध्यान दिएका छौं। सिंचाई

देखि लिएर धेरै कुराहरुमा हामीले ध्यान दिएका छौं र यसरी अगाडी बढ्न सक्छ। यसरी नै बजेट विनियोजन भएको छ र अर्को कुरा हामीले अब खर्च गर्न सकेनौ भन्ने कुरा मैले धेरै पटक भनिसकेको छु।खर्च गर्ने एउटा त हाम्रो संरचना विकास पनि भएन त्यसकारणले गर्दा पनि हामीले खर्च गर्न सकेनौं। अहिले आएर लाग्छ। मलाई यो आर्थिक बर्षमा धेरै हाम्रा संरचनाहरु बन्नेछन र त्यो संरचना बनिसकेपछि भोलि हाम्रो कार्यक्रमहरु लागु हुनेछन कार्यान्वयन गरिनेछ। मलाई लाग्छ आगामि आर्थिक बर्षमा हामीले सवै कार्यक्रमहरु लागु गर्न सक्ने ढङ्गले हामी बढ्न सक्नेछौं।

जनशक्ति पनि हामीले त्यहि रुपमा अहिलेको आगामी आर्थिक बर्षमा विनियोजन गरेका छौं। त्यसलाई समायोजन गर्ने व्यवस्थापन गर्ने हामीले पर्यत्न गरेका छौं र म यहाँहरुलाई के भन्न सक्तछु।अर्को आर्थिक बर्षमा मलाई लाग्छ हामी खर्च गर्ने क्रममा अर्को पटक प्राय सवै माननीय सदस्यहरुले खर्च गर्न सकेन भनेर यो रोष्टममा आएर बोल्नु पर्छ जस्तो लाग्दैन। मैले यो अनुरोध पनि गर्न चाहे र मुख्य कुरो भनेको यसलाई पारदर्शि कसरीबनाउने समयमा नै योजनाहरुलाई कार्यक्रमहरुलाई कसरी सम्पन्न गर्ने भन्ने सन्दर्भमा पनि एकिकृत कार्यविधि  निर्माण गर्ने र हाम्रो यो हिजोको धेरै अलि पारदर्शि बनाउने भन्दा खेरी के हुदो रहेछ त भन्दाखेरी हाम्रा कार्यविधिहरु जटिल बन्दै जाँदा रहेछन।

धेरै कुराहरुमा यसो गर्नुपर्यो उसो गर्नुपर्यो यसो गरिएन भने त्यहाँ भ्रष्टाचार हुन्छ कि त्यसो गरियो भने डुब्छ कि भन्दै भन्दै हामीले त्यो खिपतै खिपतै गएपछि कार्यविधिमा खिस्रै खिस्रै गएपछि त त्यो कार्यक्रममा काम गर्दै जाँदा खेरी त बर्षदिनमा त्यो कार्यक्रम लागु गर्ने बेलामा त्यो प्रकृया पुरा गर्ने बेलामा आर्थिक बर्ष सकिने खालको हाम्रो कार्यबिधि भएको छ र यी सवै कुराहरुलाई सरल ढङ्गले पारदर्शि देखिने तर सरल हुने ढङ्गले र त्यसमा सवै अख्तियारि त्यो सवै मन्त्रालयमा हुनुपर्छ भन्ने त्यो मुख्यमन्त्रीमा हुनपर्छ भन्ने होइन, त्यो अब जुन जुनले काम गर्छ, जुन जुन ठाँउमा काम गर्छ जुन जुन जिल्लामा काम गर्छ त्यहि ठाँउमा अख्तियारी दिने गरेर उनीहरुलाई नै जिम्मेवार बनाउने ढङ्गले अबको कार्यबिधि निर्माण गरेर अगाडि बढन पर्छ भन्ने हिसाबले र त्यो कार्यविधि पनि बन्दैछ।

मलाई लाग्छ त्यो कार्यविधि बनिसकेपछि केहि पचास प्रतिशत मलाई लाग्छ अहिलेको जे समस्या छ जे झमेला छ, त्यो झमेलाको अन्त्य हुन्छ। मैले यो अनुरोध गरे यहाँहरु सवैको सुझाबलाई अब ग्रहण गरेको कुरा मैले पटक फटक भनिरहेको छु। यो फेरि पनि यहाँ दोह्राए र यति भन्दै आफ्नो भनाई यहि समाप्त गर्छु हवस त धन्यबाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु अब यो बैठक २०७७ साल अषाढ १८ गते दिनको १२ ००. बजे सम्मको लागि स्थगित हुन्छ।